# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ५ संख्याः२ जेष्ठ २७ गते बिहिबार, २०७८**


## भाग-२

### "गन्यापधुरा गाउँपालिकामा मदिरा प्रतिवन्ध गर्न बनेको कार्यविधि, २०७८"

कार्यपालिकाबाट स्वीकृत मितिः२०७८।२।१९

प्रस्तावनाः

गन्यापधुरा गाउँपालिका क्षेत्रभित्र मदिरा उत्पादन, विक्री वितरण तथा ओसारपसार गर्न पूर्ण प्रतिवन्ध गर्नुपर्ने आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेकोछ।

**परिच्छेदः- १**

**प्रारम्भिक**

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “**मदिरा प्रतिवन्ध गर्न बनेको कार्यविधि, २०७८**" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात २०७८ साल श्रावण १ गते देखी लागु हुनेछ।

**२) परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले गन्यापधुरा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) “कार्यपालिका” भन्नाले गन्यापधुरा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) “कार्यालय” भन्नाले गन्यापधुरा गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) “मदिरा प्रतिबन्ध” भन्नाले मदिरामा पूर्ण प्रतिवन्ध भएको भन्ने जनाउँछ ।

(च) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरी वा नगरी व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

(छ) “सभा” भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ज) “अध्यक्ष” भन्नाले गन्यापधुरा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) “उपाध्यक्ष” भन्नाले गन्यापधुरा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गन्यापधुरा गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ट) “वडा अध्यक्ष” भन्नाले गन्यापधुरा गाउँपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ठ) “सचिव” भन्नाले गन्यापधुरा गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ड) “समिति” भन्नाले मदिरा प्रतिबन्ध गर्न बनेको प्रत्येक वडामा गठित वडा स्तरीय मदिरा प्रतिवन्ध समितिलाई सम्झनु पर्दछ ।

(ढ) “मूल समिति” भन्नाले गन्यापधुरा गाउँपालिकामा गठित गन्यापधुरा गाउँपालिकाको मदिरा प्रतिवन्ध समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः- २
## समिति गठन सम्बन्धी व्यवस्था

### ३. मदिरा प्रतिवन्ध मूल समिति

३.१ गाउँपालिकाभित्र मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहायको **मदिरा प्रतिवन्ध मूल समिति** गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) वडा अध्यक्षहरु | -सदस्य |
| (घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले तोकेका २ जना महिला सदस्य | - सदस्य |
| (ङ) स्थानीय तहको सदरमुकाममा रहेको ईलाका प्रहरी वा प्रहरी चौकीको प्रमुख | - सदस्य |
| (च) स्थानीय तहमा क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि १/१ जना | – सदस्य |
| (छ) उद्योग व्यवसायीहरुबाट संयोजकले तोकेका २ जना | -सदस्य |
| (ज) गैर सरकारी संस्था तथा बौद्धिक समाजबाट संयोजकले तोकेको ३ जना | -सदस्य |

(झ) आमा समुहबाट प्रत्येक वडाबाट १/१ जनाको दरले संयोजकले तोकको ५ जना - सदस्य

(ञ) कार्यपालिकाले तोकेका आमा समुहबाट १ जना, युवाक्लवबाट १ जना,

जनजाती तथा दलितबाट १ जना, अपाङ्ग १ जना -सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

**३.२ मूल समितिको काम कर्तव्य र अधिकार**

(क) गाउँमा हुने विकृति विसङ्गति रोक्नका लागि मदिरा तथा जुवातासमा पूर्ण प्रतिबन्ध गर्ने गराउने।

(ग) वडा स्तरीय मदिरा प्रतिबन्ध समितिलाई निर्देशन दिने।

(घ) मदिरा प्रतिवन्धको नियमन गर्न र कार्यविधिलाई कडाइका साथ लागु गर्ने गराउने।

(ङ) यो कार्यविधि विपरीत कार्य गर्ने लाई जरिवाना गर्ने, गराउने।

(च) मदिरा प्रतिवन्ध कार्य व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने।

(छ) मदिराको प्रतिवन्ध गर्न प्रत्येक वडामा वडा स्तरीय मदिरा प्रतिवन्ध समिति गठन गर्न सहयोग तथा सहजीकरण गर्ने।

(ज) वडा स्तरीय मदिरा प्रतिवन्ध समितिको काम कारवाहीको अनुगमन गर्ने गराउने।

(झ) सार्वजनिक स्थानहरुमा धुम्रपान र सुर्तीजन्य बस्तुहरु सेवन गर्न प्रतिबन्ध गर्ने।

(ञ) महिलाको हकहित तथा अन्य सामाजिक विकासको काम गर्न गठित आमा समुहलाई प्रोत्साहित गर्ने।

(द) सबै प्रवेशद्धार र सार्वजनिक ठाउँहरुमा होर्डङ बोर्डको व्यवस्था गर्ने।

**४. वडा स्तरीय मदिरा प्रतिवन्ध समिति**

४.१ मदिराको प्रतिवन्ध गर्न प्रत्येक वडामा देहाय बमोजिम **वडा स्तरीय मदिरा प्रतिवन्ध समिति** गठन गरिनेछ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु -सदस्य

(ग) वडा भित्र रहेको प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्येवाट संयोजकले

तोकेको कम्तिमा एक महिला सहित २ जना -सदस्य

(ङ) सम्वन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समुहको प्रतिनिधिमध्ये

वडासमितिले तोकेको २ जना -सदस्य

(च) वडामा क्रियाशील राजनितिक दलहरुबाट कम्तिमा १/१ जना -सदस्य

(छ) वडास्तरीय बालक्लव, युवासञ्जाल, नागरिक समाजबाट वडा अध्यक्षले तोकेको ३ जना - सदस्य

(ज) वडा भित्रको स्वास्थ्य चौकी प्रमुख १ जना -सदस्य

(झ) दलितको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको १ जना -सदस्य

(ञ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

**४.२ वडा स्तरीय मदिरा प्रतिवन्ध समितिको काम कर्तब्य र अधिकार :**

(क) वडामा यस कार्यविधि वमोजिम मदिरा पुर्ण प्रतिबन्ध छ/ छैन सो को अनुगमन गरी आवश्यक कारवाहिको प्रक्रिया पुरा गरी सो जानकारी मूल समितिलाई दिने।

(ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

**परिच्छेदः-३**

**कोष सम्बन्धी व्यवस्था**

**५. मदिरा प्रतिबन्ध कोष सम्बन्धी व्यवस्था**

क) वडा स्तरीय मदिरा प्रतिबन्द समितिले यस कार्यविधि विपरित मदिरा विक्री वितरण र सेवन गर्ने ब्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ५० प्रतिशत गाउँपालिकाको आन्तरिक राजस्व खातामा र ५० प्रतिशत वडा स्तरीय मदिरा प्रतिवन्ध कोषको नाममा छुट्टै कोष स्थापना गरिनेछ।

ख) वडा स्तरीय मदिरा प्रतवन्ध कोषको संचालन वडा स्तरीय मदिरा प्रतवन्ध समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ। कोषको लागि जरिवाना वापतको रकम असुल गर्दा अनिवार्यरुपमा रसिद मार्फत गर्नुपर्नेछ। प्रत्येक ३ महिनामा आम्दानी र खर्च वडा समितिमार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ।

(ग) समितिले वस्तीस्तरमा जरिवाना असुल गर्न समितिका कुनै सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ।

**६. कोषको रकम खर्च वडास्तरीय मदिरा प्रतिवन्ध समितिको निणर्य अनुसार देहाए वमोजिम खर्च गरिनेछ।**

(क) कार्यालय तथा सवारी व्यवस्थापनको लागि कोषमा जम्मा हुने जरिवाना रकमको २० प्रतिशत स्थानीय प्रहरी चौकीलाई उपलव्ध गराउने।

(ख) गोप्यरुपमा सुचना दिने व्यक्तिलाई कोषमा जम्मा हुने रकमको १० प्रतिशत प्रोत्साहन उपलव्ध गराउने र निजको नाम गोप्य राखिने छ।

(ग) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने।

(घ) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिविकोपार्जनका लागि आवश्यक सहयोग गर्ने।

(ङ) बेवारिसे ब्यक्ति मरी लाश सदगद गर्नु परेमा।

(च) मदिरा प्रतिवन्धका बिषयमा जनचेतनामुलक कार्यक्रमहरुमा।

(छ) आमा समुहको हकहित र क्षमता विकासका लागी।

(ज) सरसफाई सम्बन्धी कार्यक्रमहरु।

(झ) साहित्य संगीत, संस्कृत, कला, नारा, जनचेतनामुलक कार्यक्रमहरुमा।

## परिच्छेद - ४

## मदिराको प्रतिवन्ध व्यवस्थापन सम्बन्धी व्यवस्था

७. मदिराको प्रतिवन्ध गर्दा सामाजिक विकृती तथा विसंगती घटने, घरेलु हिंसा र झै-झगडा कमीहुने र शान्ति सुव्यवस्था कायम हुने भएकाले त्यसका लागी देहायका कार्यक्रमहरु संचालन गरिनेछ।

(क) मदिराको प्रतिवन्ध गर्नको लागी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने।

(ख) मदिराबाट हुने हानी नोक्सानीबारे आमा समुह, बालक्लब, युवाक्लबहरुलाई अभिमुखीकरण तालिम गराउने।

(ग) आयआर्जनका कार्यक्रमहरुमा लगानीको वातावरण सृजना गर्ने।

(घ) मदिरा पसल दर्ता तथा नवीकरण सिफारिस पूणर्रुपमा बन्द गरिनेछ र इजाजत खारेजिको लागी सम्बन्धित निकायमा पहल गरिने।

**८. कारवाही सम्बन्धी ब्यवस्था** :

८.१ यो कार्यविधि विपरित ब्रिक्री बितरण गर्ने र ढुवानी समेत गर्ने लाई देहाय वमोजिम दण्ड जरिवाना गरिनेछ।

(क) पहिलो पटक रु.५०००।- जरिवाना

(ख) दोश्रो पटक रु. १०,०००।- जरिवाना

(ग) तेश्रो पटक रु. २०,०००।- जरिवाना

(घ) सो भन्दा वढी पटक गरेको पाईएमा तेश्रो पटक गरीएको जरिवानाको दोव्वर जरिवाना गरीनेछ ।

८.२. यस कार्यविधि विपरित **मदिरा सेवन** गरेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछः-

(क) पहिलो पटक लाई रु. १,५००।- जरिवाना

(ख) दोश्रो पटक लाई रु. ३०००।- जरिवाना

(ग) तेश्रो पटक लाई रु. ४,५००।- जरिवाना

(घ) सो भन्दा वढी पटक भएमा १०,०००।- जरिवाना गरिनेछ ।

८.३ गाउँपालिका तथा वडाका पदाधिकारीहरु र सार्वजनिक ओहदामा बसेका कर्मचारीहरुले मदिरा सेवन गरेको प्रमाण पाएमा माथि उल्लेखित जरिवानाको दोव्वर रकम जरिवाना असुल गरिनेछ । साथै कार्यालय समयमा मदिरा सेवन गरेको पाइएमा जरिवानाको साथै प्रमुख प्रशासकीय अधिकृतले विभागीय कारवाही अगाडि वढाउनेछ ।

८.४ विद्यालय समयमा कुनै शिक्षकले मदिरा तथा मदिराजन्य सेवनगरी उपस्थित भएको जानकारी पाप्त भएमा गाउँ कार्यपालिकाको शिक्षा शाखामा रहेका शिक्षाशाखा प्रमुख मार्फत प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी लिखित वा मौखिक रुपमा दिएमा विभागीय कारबाहिको लागि प्रक्रिया अगाडि बढाउनु पर्ने छ ।

८.५ गन्यापधुरा गाउँपालिका भित्रको कुनै पनि जिम्मेवार पक्षले यो कार्यविधि विपरीत कार्य गरेको पाइएमा दफा ८.१ र ८.२ बमोजिम कारवाही गरिनेछ ।

८.६ गन्यापधुरा गाउँपालिका भित्रका बासिन्दाहरुले यो कार्यविधि विपरीत कार्य गरेमा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरु रोक्नका लागी मुलसमितिले कार्यपालिकामा सिफारीस गर्नेछ र रोक्काको प्रक्रिया अगाडि बढाइने छ ।

८.७ मदिरा ढुवानी गरेको सवारी साधन पाईएमा सो सवारी साधनलाई दफा ८.२ बमोजिम जरिवाना गरिने र पटक पटक उक्त कार्य गरेको पाईएमा गन्यापधुरा गाउँपालिका भित्र सवारी साधन संचालन गर्न रोक लगाईने छ ।

८.८ मदिरा प्रतिवन्धका लागि गाउँपालिकाले छिमेकी पालिकाहरुसँग र छिमेकी जिल्लासँग सहयोगको लागि समन्वय गर्नेछ ।

८.९ यो कार्यविधि कार्यान्वयनका लागि सरकारी तथा गैर सरकारी निकायहरुसंग सहयोगको लागि आग्रह गरिनेछ ।

८.१० यो कार्यविधि कार्यान्वयन गर्नका लागि जिल्ला प्रहरी र स्थानीय प्रहरीको सहयोग लिन सकिनेछ ।

८.११ यो कार्यविधि कार्यान्वयनका लागि सहयोग पुर्‍याउने सम्पूर्ण सरकारी निकाय, गैरसरकारी संघसंस्थाहरु, बिद्यालय, राजनैतिक दल, वुद्धिजीवि तथा सर्वसाधारण सम्पुर्ण महानुभावहरुलाई सहयोग गरेको गोप्य अभिलेख राखी उचित सम्मान र पुरुस्कारको व्यवस्था गरीनेछ ।

८.१२ यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

८.१३ यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, संचारकर्मी, राजनैतिक दलहरु, समाजसेवी वुद्धिजिवीहरुसँग समवन्य र अनुरोध गरिनेछ।

८.१४ यदी कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न इनकार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकावाट प्राप्तहुने सेवा सुविधा रोक्का राखी कार्यवाही गरीनेछ।

८.१५ मालबाहक सवारी साधनमा मदिरा ओसारपसार गरेको शंका पाएमा तुरुन्तै त्यसको अनुसन्धान गरी वरामत गरेको मदिरा वडा समितिलाई बुझाउने र मुल समिति लाई जानकारी दिने।

८.१६ बरामद मदिरालाई प्रहरीको रोहवरमा नष्ट गराउने।

**९. गाउँपालिकावासीको कर्तव्य** : यो कार्यविधिलाई कार्यन्वयन गर्न गराउन प्रत्येक गाउँपालिकावासीको कर्तव्य हुनेछ।

**१०.** कार्यविधि अन्तर्गत रहि यो निर्देशिका कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।

**११.** मदिरा प्रतिबन्धका लागि गाउँपालिकाले आवश्यकता अनुसार थप कार्यविधि बनाई अनुगमन, नियमन गरी लागू गर्न सक्नेछ।

**१२.** आवश्यक परेको खण्डमा यो कार्यविधिलाई संशोधन गर्न सकिनेछ।

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**